मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १६४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख ३१ गते बुधवार (Wednesday, May 13. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-

बैंकको ब्याज मिनाह
गर्न होटल व्यवसायीको माग: पृष्ठ ३




### डिल्लीरमण-गीताको स्तुत्य कार्य

## जसले लगाइ दिए पत्रकार राईको घरमा छानो




**बिर्तामोड, बैशाख ३०।** समाजमा यस्ता पनि मानिस छन्, जो दुःखमा परेका र अभावमा छट्पटाएकालाई सहयोग गरेर रमाउन चाहन्छन् ।

तिनैमध्येका एक हुन् झापा बिर्तामोडका सामाजिक व्यक्तित्व डिल्लीरमण शिवाकोटी र गीता शिवाकोटी । सेवा नै धर्म हो कुरा आत्मसात गरी सामाजिक क्षेत्रमा क्रियाशील उनीहरुले यो संकटको घडीमा पनि स्तुत्य कार्य गरेका छन् ।

अहिलेको संकटपूर्ण समयमा ठूलो सहयोगको अपेक्षा कल्पना बाहिरको कुरा हो । तर, बिर्तामोडका यी शिवाकोटी दम्पत्तीले त्यही कल्पना बाहिरको कुरालाई व्यवहारमा गरेर देखाएका छन् ।

लामो समयदेखि अर्काको घरमा बसेर पत्रकारिता गर्दै आएका झापा अर्जुनधारा-५ का इन्द्रकुमार राईले गत वर्ष स्थानीय समाजसेवी केदार पराजुलीको पहलमा घर बनाउनका लागि भिटा (जमिन) प्राप्त गरे । जमिन प्राप्त गरेसँगै अर्जुनधारा नगरपालिकाबाट शनिश्चरे प्रेस क्लवको पहलमा एक लाख रुपैयाँ अनुदान प्राप्त गरेपछि राईले निर्माण गर्न थालेको अधुरो घरलाई शिवाकोटी दम्पत्तीले छानो लगाइदिएका छन् ।

राईको घरको छानो लगाउने सन्दर्भबारे शिवाकोटीले स्मरण गर्दै भने- 'फागु पूर्णिमामा रमाइलो गर्ने कुरा आयो । फजुल खर्च गरेर सक्ने भन्दा पनि एउटा कमजोरलाई केही ठोस् सहयोग गर्न पाए हुन्थ्यो भने पछि एकराजजीले त्यसो गर्दा झन राम्रो भन्नुभएको थियो सोही अनुसार यो काम भएको हो ।'

शिवाकोटी दम्पत्तीले कोरोनाको कहर चलिरहेका बेला मंगलबार राईको घरको छानाका लागि आवश्यक टिन, मगरा, काँटी, वासर लगायतका सामग्री हस्तान्तरण गरेका छन् ।

सामग्री हस्तान्तरणका क्रममा नेपाल पत्रकार महासंघ झापा शाखाका उपाध्यक्ष एकराज गिरीले शिवाकोटी दम्पत्तीले ओत लाग्ने ठाउँ नभएका पत्रकारलाई छानो लगाइदिएर ठूलो सहयोग गरेको भन्दै आभारसहित धन्यवाद ज्ञापन गर्नुभएको थियो । पत्रकार महासंघ प्रदेश समिति सदस्य रेजीना रोदनले लामो प्रतीक्षा पछि अब भने पत्रकार राईको आफ्नै घरमा बस्सोने सपना पूरा भएकोमा खुशी व्यक्त गरे । कार्यक्रममा जनआन्दोलन साप्ताहिकका प्रकाशक यज्ञप्रसाद पाठक, अर्जुनधारा प्रेस क्लवका सदस्य बिनोद पाण्डे लगायतको सहभागिता रहेको थियो । शिवाकोटी दम्पत्तिको सहयोगपछि अब भने आफ्नो घरमा बस्न पाइनेमा विश्वस्त भएको पत्रकार राईले बताउँदै सहयोग गर्ने सबैलाई आभार व्यक्त गरे ।

यतिबेला मुलुक कोरोना संक्रमणविरुद्ध जुधिरहेको छ । हुनेले नहुनेलाई सहयोग गर्ने र नहुनेको चुल्हो बाल्ने काम एकातिर चलिरहेको छ भने अर्कोतिर सरकारले दिएको राहत त हो नि हामीले लिँदा के हुन्छ ? भनेर हुने खानेहरु पनि राहतमा बसेको लाइनले कहिलेकाँही गिज्याइरहेको छ । तर, शिवाकोटी दम्पतीले गरेको स्तुत्य कार्यको सबैले प्रशंसा गरेका छन् ।



# कोरोना संक्रमित बढे

**झापा, बैशाख ३०।** कोरोना संक्रमितको संख्या अचानक बृद्धि भएको छ ।

मुलुकका विभिन्न जिल्लामा गरेर मंगलवार थप ५७ जनामा कोभिड-१९ सङ्कमण भएको पुष्टि भएको छ । सङ्कमित भएका मध्य सबैभन्दा बढी पर्सामा ३९ जना छन् । यो पहिलोपटक नेपालमा सबभन्दा बढी सङ्कमण देखिएको संख्या हो । यसअघि हिजो एकैपटक २४ जनामा सङ्कमण देखिएको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले राष्ट्रिय प्रयोगशालामा परीक्षणका क्रममा उनीहरुको सङ्कमण भएको बताए । यससँगै हालसम्म सङ्कमितको संख्या १९१ पुगेको छ ।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ बाट रुपन्देहीमा नौ, पर्सामा ३९, कपिलवस्तुमा आठ र बारा जिल्लामा एकजनामा सङ्कमण देखिएको हो । यसअघि सोमबार १३४ जना सङ्कमित भेटिएका थिए ।

सहप्रवक्ता डा. अधिकारीका अनुसार सबै सङ्कमितको स्वास्थ्य अवस्था सामान्य रहेको छ । नेपालमा पहिलोपटक चीनको वुहान शहरबाट आएका एक बिद्यार्थीमा माघ ९ गते सङ्कमण देखिएको थियो । अहिलेसम्म ३३ जना कोभिड-१९ का सङ्कमित निको भई घर फर्किसकेका छन् ।

सहप्रवक्ता डा. अधिकारीले भारतबाट आउने क्रम बढेसँगै शङ्कास्पद व्यक्तिलाई परीक्षण गर्दा यति धेरैको संख्यामा सङ्कमित पहिलोपटक सङ्कमित भेटिएको बताए । पहिलाभन्दा अहिले भारतबाट मानिस पनि आवतजावत गरिरहेका छन्- उनले भने- क्वारेन्टाइनमा बसेकालाई पनि हामीले बढी परीक्षण गरिरहेको हुनाले सङ्कमति फेला परेका हुन् । उनले धमाधम सङ्कमित भेटिरहेकाले निगरानी बढाउन आवश्यक रहेको बताए । मन्त्रालयले अहिले दैनिक एक हजारमा पीसीआर र करिब दुई हजारमा आरडीटी परीक्षण गरिरहेको छ । मुलुकभरि पीसीआर १९ ठाउँमा र आरडीटी ७७ जिल्लामा भइरहेको छ ।

**कुन जिल्लामा कति संक्रमित**

| जिल्ला | संक्रमण संख्या |
|---|---|
| पर्सा | ६४ |
| उदयपुर | ३२ |
| कपिलवस्तु | २९ |
| बाँके | २४ |
| रूपन्देही | १६ |
| कैलाली | ४ |
| काठमाडौं | ३ |
| रौतहट | ३ |
| बारा | ३ |
| बाग्लुङ | २ |
| चितवन | २ |
| झापा | २ |
| बर्दिया | १ |
| भोजपुर | १ |
| कञ्चनपुर | १ |
| सप्तरी | १ |
| धनुषा | १ |
| धादिङ | १ |
| सर्लाही | १ |

स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय



## ४ जना पत्रकार कोरोना संक्रमित

**काठमाडौँ, बैशाख ३०।** पर्सामा एकैपटक ३९ जनामा कोरोना भाइरस (कोभिड- १९)को संक्रमण हुँदा ४ जना पत्रकार परेका छन् । नारायणी अस्पतालका मेसु डा. मदनकुमार उपाध्यायले जिल्लामा थपिएका ३९ संक्रमितमध्ये ४ जना सञ्चारकर्मी रहेको बताए ।

'उहाँहरु जिल्लाका अगुवा सञ्चारकर्मी पनि हुनुहुन्छ । रिपोर्टिङका क्रममा कतै एक्सपोजर भइयो कि भनेर स्वाब दिनु भएको रहेछ । रिपोर्ट पोजेटिभ आएको जानकारी पाएको छु'- डा. मदनकुमार उपाध्यायले भने । उनले फिल्डमा खटिने सञ्चारकर्मीमा समेत अति जोखिम रहेको भन्दै जोखिएर रिपोर्टिङ गर्न आग्रह गरे ।

## औसतभन्दा बढी वर्षा

**झापा, बैशाख ३०।** यस वर्ष अप्रिल महिनामा औसतभन्दा बढी वर्षा भएको छ ।

पश्चिमी वायु र स्थानीय वायुको प्रभावका साथै बङ्गालको खाडीबाट जलवाष्पयुक्त हावा निरन्तर नेपाल प्रवेश गरिरहेकाले काठमाडौँलगायत देशका अधिकांश भूभागमा अघिल्ला वर्षभन्दा बढी वर्षा भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

काठमाडौं उपत्यकामा अप्रिल महिनामा सरदर ६१ मिलिमिटर वर्षा हुनुपर्नेमा यस वर्ष ९२ मिलीमिटर वर्षा भएको मौसमविद् शान्ति कँडेलले बताइन् । आकाशको बादल र वर्षालाई हेर्दा मनसुन सक्रिय भएको जस्तो लागे पनि यस वर्षाको प्रकृति भिन्न छ । सामान्यतया नेपालमा जुन १० देखि मनसुन शुरु हुने गर्छ । यस वर्ष मनसुनको समयमा पनि औसत वर्षा हुने मौसमविद्को अनुमान रहेको छ ।

प्रिमसुनको प्रवृत्ति दिनमा घाम लाग्ने र अपराह्न तथा साँझापख मेघगर्जनसहित क्षणिक वर्षा हुने गर्छ । अहिले प्रिमनसुनका साथै अन्य प्रणालीको प्रभाव रहेकाले देशको अधिकांश स्थानमा बिहानैदेखि बदलीसहित वर्षा भएको हो । विगत केही दिनदेखि देशमा पश्चिमी वायु, स्थानीय वायुका साथै बङ्गालको खाडी र अरब सागरबाट समेत जलवाष्पयुक्त वायु लगातार नेपाल प्रवेश गर्ने क्रम जारी रहेकाले मौसममा सुधार हुन अझै केही दिन लाग्ने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

हाल देशको पश्चिमी भूभागमा सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदली रहेको छ । दिउँसो देशको अधिकांश भूभाग सामान्य बदली रही पहाडी भूभागका केही

(बाँकी अन्तिम पृष्ठमा)




## बजेटमा रोजगारी वृद्धि र कृषि क्षेत्रलाई प्राथमिकता दिन सुझाव

**काठमाडौं, बैशाख ३०।** सांसदहरुले आगामी बजेटमा कोरोना भाइरसका कारणले परेको बहुपक्षीय असरबाट मुक्त हुने, आयातलाई प्रतिस्थापन गर्ने, रोजगारी वृद्धि र कृषि क्षेत्रलाई प्राथमिकता दिने व्यवस्था गर्नुपर्नेमा जोड दिएका छन् ।

आर्थिक वर्ष २०७७/०७८ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि छलफलमा भाग लिँदै उनीहरुले रोजगारी प्रवर्द्धन गर्न उत्पादनमूलक साना तथा घरेलु उद्योग क्षेत्रलाई पनि बजेटले प्राथमिकता दिनुपर्ने बताए । राष्ट्रिय गौरव, रणनीतिक महत्व र स्थानीय तहका आयोजनालाई आवश्यक बजेट विनियोजन हुनुपर्ने सांसदहरुको भनाइ थियो ।

बैठकमा सांसद गणेशप्रसाद पहाडीले सरकारले जनताका बीचमा गरेको प्रतिबद्धताको मध्यवधि समीक्षा गर्न अर्थमन्त्रीलाई सुझाव दिँदै ती प्रतिबद्धता कार्यान्वयनका लागि शीर्ष राजनीतिक तहमा छलफल गरेर अघि बढ्न सुझाव दिए । सांसद अमरेशकुमार सिंहले कोरोनाका कारण लाखौँ मजदुर विदेशबाट फर्किने सम्भावना रहेको बताउँदै उनीहरुको रोजगारी र जीवनयापनका लागि आगामी बजेटमा प्राथमिकता दिनुपर्ने बताए ।

सांसद डा. नारायण खड्काले कोरानाका कारण खस्केको अर्थतन्त्रलाई माथि उकासेर चलायमान बनाउन आवश्यक कार्यक्रम ल्याउन र स्वास्थ्य तथा अर्थतन्त्रलाई समानान्तर रूपमा अघि बढाउनुपर्नेमा जोड दिए । राजबहादुर बुढाले कोरोना सङ्कमण फैलिएको परिस्थितिलाई आगामी बजेटमा सातै प्रदेशमा सुविधासम्पन्न ठूला अस्पताल स्थापना गर्ने अवसरका रुपमा लिनुपर्ने बताए ।

सांसद तेजुलाल चौधरीले स्वास्थ्य र कृषि र भौतिक पूर्वाधारलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । सांसद झपट

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग





**गिट्टी कुट्दै महिला मजदुरः** लकडाउनको समयमा अन्य काम नचलेका कारण छाक टार्न गाह्रो भएपछि सडक छेउका ढुङ्गा कुटेर गिट्टी बनाउँदै बागलुङको बरेङ गाउँपालिका-१ धुल्लुबाँस्कोटका महिला मजदुर । उनीहरुले कुटेको गिट्टी स्थानीय पूर्वाधार निर्माण गर्ने कम्पनीले प्रति ट्र्याक्टर १० हजारमा लैजाने गरेका छन् । **तस्वीर : तारानाथ आचार्य/रासस**

# १२५० परिवारलाई राहत

**चारपाने, बैशाख ३०।** कोरोना महामारीका कारण लकडाउन लम्बिएसँगै सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था चारपानेको अगुवाईमा सञ्चालन 'एकका लागि एक' अभियानले ६२ घरपरिवारलाई राहत वितरण गरेको छ ।

सहाराको अगुवाइमा १६ वटा संघ-संस्था आवद्ध रहेको अभियानले झापाको बिर्तामोड-२ चारपानेका ६२ घरपरिवारलाई मंगलबार राहत वितरण गरेको हो । अभियानले स्थानीयतहसँगको सहकार्यमा राहत वितरण गरेको हो ।

राहत वापत प्रत्येक परिवारलाई २५ केजी चामल, २ केजी दाल, २ केजी नुन, एक लिटर खानेतेल र एउटा नुहाउने र एउटा कपडा धुने सावनसहित २ वटा सावुन राहत वापत वितरण गरिएको थियो ।



**एकका लागि एक अभियान**

अभियान अन्तर्गत हाल सम्ममा १ हजार २ सय ५० परिवारमा राहत पुऱ्याई सकेको र पहिलो चरणको कार्यक्रम अन्तर्गत १५ सय परिवारमा राहत वितरण गर्ने र दोस्रो चरणको कार्यक्रम तयारी खाना वितरण गर्ने रहेकोले सो तयारी खाना वितरण कार्यक्रम पनि दुई दिन अघि बाट बिर्तामोडमा शुरु भइसकेको छ । खाना बितरण जेठ ५ गतेसम्म बिहान ९ बजेबाट दिउँसो १२ बजे सम्म हुने बताइएको छ ।

सहारा नेपाल साकोस सहयोग समिति संयोजक विन्दु श्रेष्ठको अध्यक्षतामा भएको राहत वितरण कार्यक्रमको प्रमुख अतिथि बिर्तामोड नगरपालिका वडा नं. २का अध्यक्ष नगेन्द्रप्रसाद संग्रौला रहेका थिए । संग्रौलाले कार्यक्रममा बोल्दै एकका लागि एक अभियानलाई सहारा नेपालको नेतृत्वमा १८ भन्दा धेरै संघसंस्थाको सहकार्यमा गरिएको यस कार्यक्रमले विपन्न परिवारको घरमा चुल्हो बाल्ने काम गरेमा अभियन्ताहरुलाई धन्यवाद दिएका थिए । वडाले दिने भन्दा एकका लागि एकले दिएको राहातको परिणाम धेरै छ । यहाँ राहत पाउनेले वडाबाट राहत नपाउने पनि संग्रौलाले बताए ।

कार्यक्रममा सहारा नेपाल साकोसका कार्यसमिति सदस्य शंकरप्रसाद रिजाल, सहारा नेपालका अध्यक्ष भरत गिरी, गैर सरकारी संस्था महासंघका केन्द्रीय अध्यक्ष छविलाल खतिवडा, एकका लागि एकका अभियन्ता सदस्य भोला धिताल, सहारा नेपाल साकोसका उपनिर्देशक लक्ष्मण खतिवडा, सहसचिव लालबहादुर गिरी, गोमा लिम्बू, वविता पराजुली, डिल्ली सिटौला, रमादेवी पौडेल लगायतको सहभागिता रहेको थियो ।

राहत बितरणको औचित्यमाथि प्रकाश सहारा नेपाल साकोसका कोषाध्यक्ष डम्बरबहादुर देउजा र कार्यक्रमको सञ्चालन सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था चारपाने सेवा केन्द्र प्रमुख जगत कार्कीले गरेका थिए ।

# विद्यालय कम्पाउण्डमा लगेर करणी

**काठमाडौं, बैशाख ३०।** १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा दार्चुलाको दुहु गाउँपालिका-४ बस्ने २९ वर्षीया गणेश सिंह लोत्थ्याललाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

लोत्थ्यालले ती किशोरीलाई व्यास नगरपालिका-४स्थित एक विद्यालयको कम्पाउण्डमा लगी जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी सुनसेराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यसैबीच १० बर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सिरहाको लहान नगरपालिका-५ शान्तिटोल बस्ने ४२ वर्षीय कैलाश गोसाईलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। ती बालिकालाई जबरजस्ती करणी गरको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरीले गोसाईलाई पक्राउ गरेको हो ।

# लकडाउन खुकुलो नबनाउन सुझाव



**नवीन ढुंगाना**
शिक्षक तथा अधिकारकर्मी



**नरेश सञ्जेल**
युवा नेता
नेकपा



**उमा शिवाकोटी**
युवा नेतृ
नेपाली कांग्रेस



**गौरीमान राई**
युवा नेता
जनता समाजवादी पार्टी



**अभय राजवंशी**
अध्यक्ष
कोचिला गाभुर फ्रन्ट



**सीता बस्नेत**
नेतृ, अन्तरपार्टी
महिला सञ्जाल

**बिर्तामोड, बैशाख ३०।** झापाका युवा नेताहरुले लकडाउन खुकुलो नबनाउन र कोरोना परीक्षणको दायरा वढाउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

झापामा कोरोना भाइरसको संक्रमणको जोखिम न्यूनीकरण गर्न कोरोनाको परिक्षण विधिको दायरा बढाउन झापाका युवा नेताले तीनवटै तहका सरकारको ध्यानाकर्षण गराएका हुन् ।

झापाको दमक र बाह्रदशीमा कोरोना भाइरसको संक्रमित पाइएकाले झापामा कोरोना भाइरसको जोखिम बढेको कारण कोरोनाको परीक्षण विधिको दायरा बढाउन स्थानीय तहदेखि संघीय सरकारले व्यवस्था गर्नुपर्ने उनीहरुले बताएका छन् ।

संवाद समूह झापाको संयोजनमा भएको भिडियो कन्फ्रेन्समा सहभागी उनीहरुले देशभर कोरोना भाइरसको संक्रमित बढीरहेकाले अहिलेको अवस्थामा विना अध्ययन लकडाउनलाई खुकुलो नवनाउन समेत तीनै तहका सरकारको ध्यानाकर्षण गराएका छन् ।

शिक्षक तथा अधिकारकर्मी नवीन ढुङ्गाना, नेकपाका जिल्ला कमिटी सचिवालय सदस्य नरेश सञ्जेल, नेपाली कांग्रेसकी युवा नेतृ उमा शिवाकोटी, जनता समाजवादी पार्टीका युवा नेता गौरीमान राई, कोचिला गाभुर फ्रण्टका केन्द्रीय अध्यक्ष अभय राजवंशी, अन्तरपार्टी महिला सञ्जालकी सीता बस्नेत लगायतले त्यस्तो बताएका हुन् ।

कोरोना भाइरसको महामारीको सन्दर्भमा स्थानीय तहले निर्माण गर्ने नीति तथा कार्यक्रममा समेट्नुपर्ने विषय, सडक मानवको अवस्था र उनीहरुको व्यवस्थापनमा सुझाव तथा प्रतिवद्धता, लकडाउनमा महिला हिंसा न्यूनीकरणका उपाय तथा प्रतिवद्धता विषयमा भएको छलफलबाट ६ बुँदे साझा निष्कर्ष समेत निकालिएको छ ।

**यस्ता छन् साझा निष्कर्ष :**

१) झापामा कोरोना भाइरसको सम्वेदनशीलतालाई ध्यानमा राख्दै तत्काल परीक्षणको दायरा बढाउन तीनै तहका सरकारको ध्यानाकर्षण गराउँदछौं । साथै विनाअध्ययन लकडाउनलाई खुकुलो नपार्न ध्यानाकर्षण गराउँदछौं ।

२) कोरोना भाइरसको महामारीको संकटको घडीमा स्थानीय सरकारहरुले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने यस विषम परिस्थितिमा महामारी संक्रमण नियन्त्रणका लागि आवश्यक बजेट व्यवस्थापन गर्न, स्वास्थ्य र शिक्षामा थप लगानी गर्न, भोकमरीबाट बचाउन कृषिलाई उच्च प्राथमिकतामा राख्न र प्राथमिकताका आधामा तत्काल प्रतिफल मिल्ने आयोजनाहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्न, आवश्यक तथ्याङ्क लिन र बिपद व्यवस्थापनमा बजेट बृद्धि गर्दै भोलिका दिनमा बैदेशिक रोजगारीबाट फर्किनेहरु र लक्षित वर्गलाई सम्बोधन हुने खालको नीति तथा कार्यक्रम तर्जुमा गर्न सुझाव दिन्छौं ।

३) लकडाउनको अवधि थपिएको खण्डमा राहत वितरण कार्यलाई अझ प्रभावकारी बनाउने र कृषिलाई उच्च प्राथमिकतामा राख्ने कृषि नीति ल्याउन तथा राहत सँगसँगै आत्मनिर्भर बनाउने नीति ल्याउन सुझाव दिन्छौं ।

४) लकडाउनको अवस्थामा कष्टकर जीवन बिताई रहेका सडक मानवहरुको अवस्था पत्ता लगाई उनीहरुको खाना, आवास र स्वास्थ्यको प्रवन्ध गर्न प्रतिबद्धतासहित स्थानीय सरकारहरुलाई अनुरोध गर्दछौं ।

५) लकडाउनको अवधिमा महिला हिंसा भए तुरुन्त सम्बन्धित निकायमा जानकारी गराउन र सबैले सबैलाई मानवोचित व्यवहार गर्न अनुरोध गर्दछौं ।

६) सबै मानवले प्रकृतिको सम्मान गर्न र प्रकृतिसँग जोडिएका पशुहरुको लकडाउनका कारण शहरमा दयनीय अवस्था रहेकोले उनीहरुलाई समेत उचित प्रवन्ध गर्न सम्पूर्ण मानव, स्थानीय सरकार र सरोकारवालाहरुको अनुरोध गर्दछौं ।



**आवश्यक कागजात जाच गर्दै सुरक्षाकर्मीः** विराटनगर प्रवेशद्वार क्षेत्रमा बन्दाबन्दीको समयमा मङ्गलबार सवारी साधन सञ्चालन गरेकोमा आवश्यक कागजात जाँच गर्दै सुरक्षाकर्मी । **तस्वीर : मनोज दाहाल/रासस**

## बजेटमा ...

रावलले स्वदेश फर्कने नेपाली नागरिकलाई उचित सावधानीका साथ बजेटमा व्यवस्था हुनुपर्ने बताए ।

सांसद गगनकुमार थापाले कोरोना सङ्कटको यस विषम परिस्थितिमा सरकारले जनतामा उत्साह जगाउने बजेट ल्याउनुपर्ने धारणा व्यक्त गरे ।

सांसद रेखा शर्माले पुरानो शैली र परम्परागत ढर्राले बजेटले यो सङ्कटलाई सम्बोधन गर्न नसक्ने भन्दै समयानुकूल वस्तुस्थिति बुझेर अहिलेको सङ्कट समाधान गर्ने बजेट ल्याउनुपर्नेमा जोड दिए ।

सांसद मीनबहादुर विश्वकर्माले बजेटमा कृषि र उद्योगलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिए । बैठकमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमाथिको छलफलमा जारी छ ।

## औसतभन्दा ...

स्थान र तराई एक दुई स्थानमा मेघगर्जन, चट्याङ, असिना र हावाहुरीसहित वर्षाको सम्भावना रहेको छ । भोलि देशको अधिकांश भूभागमा सामान्य बदली रही पूर्वी भूभागका केही स्थान र पश्चिमी तथा मध्य भूभागका केही स्थानमा मेघगर्जन, चट्याङ, असिना र हावाहुरीसहित वर्षाको सम्भावना रहेको मौसमपूर्वानुमान महाशाखाले जनाएको छ । बिहीबार देशको पूर्वी र मध्यलगायत पश्चिमी पहाडी भूभागमा सामान्य बदली र बाँकी भूभागमा आंशिक बदली रही पूर्वी भूभागको केही स्थानमा पश्चिमी तथा मध्य भूभागमा मेघगर्जन, चट्याङ, असिना र हावाहुरीसहित वर्षाको सम्भावना रहेको औंल्याएको छ ।


**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)


# महामारीमाथिको राजनीतिले मानिसको जीवनमाथि खेलवाड

**ब्राजिल, बैशाख ३०।** ब्राजिलका राष्ट्रपति जेयर बोल्सोनारोले कोरोनाभाइरसको त्रासलाई अतिरञ्जित गरिएको निरन्तर दाबी गरेका छन् । संघीय, राज्य र स्थानीय तहका अरु अधिकारीहरुले भने कोरोनाको खतरा यथार्थपरक रहेको बताउँदै आएका छन् ।

कोरोना महामारीलाई कसरी सम्बोधन गर्ने भन्ने बारेमा ब्राजिलमा राजनीतिक तहबीच गहिरो मतान्तर छ । यस राजनीतिक तिक्तताले आम मानिसको जीवन जोखिममा पारेको छ ।

शनिबार मात्र ब्राजिलमा महामारीका कारण मृत्यु हुनेको संख्या १० हजार नाघेको छ, तर राष्ट्रपति बोल्सोनारोले मुलुकलाई लकडाउनमुक्त गराउने विषयलाई निरन्तर अघि सारेका छन् । उनले ट्वीट गर्दै भनेका छन्- बेरोजगारीको संख्या निरन्तर बृद्धि हुँदैछ ।

अति दक्षिणपन्थी नेताको छवी बनाएका राष्ट्रपति बोल्सोनारोले के अराजकता सामुन्ने आइसकेको छ ? भन्ने प्रश्न गर्दै कोरोनाभाइरसलाई 'सामान्य किसिमको फ्लू' सँग तुलना गरेका छन् । कतिपयको तर्क छ, कोरोनाभाइरसले 'अराजकता' सिर्जना गरिसकेको छ ।

कोरोनाभाइरससँग जुध्न घरभित्रै बस्ने विषयमा जारी गरिएको आदेशप्रति पनि राष्ट्रपति बोल्सोनारोले आलोचना गरेका छन् । राष्ट्रपतिको सार्वजनिक रुपमै खुलेर आलोचना गरेको भन्दै स्वास्थ्य मन्त्री लुईज हेनरिक म्याडेटालाई पदबाट बर्खास्त गरेका थिए ।

यहीबीच, दक्षिण अमेरिकामै ब्राजिल कोरोनाभाइरसको इपिसेन्टरका रुपमा प्रकट भएको छ । यहाँ ११ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ भने डेढ लाखभन्दा बढी मानिस कोरोना संक्रमित भएका छन् । विज्ञहरुको भनाईमा न्यून परीक्षणको अर्थ संक्रमितको संख्या अरु बढी हुनु हो । हार्वर्ड विश्वविद्यालयका प्रोफेसर सिड्ने चालहोबले युरोपमा १९औं शताब्दिमा जर्मनीको ह्यामबर्गमा फैलिएको हैजाका कारण १० हजारभन्दा बढी मानिसको मृत्यु भएको प्रसँग उल्लेख गर्दै भने- ब्राजिलमा झैं स्थानीय राजनीतिक नेता र प्रभूत्वशाली आर्थिक सरोकारवालाबीचको विभाजनकै कारण ठूलो संख्यामा मानिसको ज्यान गएको थियो । यस द्वन्द्वले जर्मनीले अन्ततः झन् ठूलो आर्थिक क्षति व्यहोर्नु परेको थियो ।

बोल्सोनारोका समर्थकहरुले हालैका साताहरुमा लकडाउनको विरोधमा श्रृंखलाबद्ध प्रदर्शन गरिसकेका छन् । कुनै भेलामा त स्वयम् राष्ट्रपति उपस्थित भएर सडकमा उत्रिएका छन् । उनले मानिसहरुसँग हात मिलाउने र कडा भाषणहरु गरेका छन् । यी सभामा सबै व्यक्तिले मास्क समेत लगाउन अस्वीकार गरेका छन् । यी प्रदर्शनहरुमा कंग्रेस (संसद) र सर्वोच्च अदालतप्रति तिखा टिप्पणीहरु गरिएका छन् । कतिपय अवस्थामा प्रदर्शनहरु हिंसात्मक हुने गरेका छन् । कतिपय प्रदर्शनकारीले पत्रकार र नर्सहरुमाथि समेत आक्रमण गर्ने गरेका छन् ।

हालै मात्र डाटाफोल्हा इस्न्टीच्यूटले गरेको जनमत सर्वेक्षणमा ६७ प्रतिशत ब्राजिलीहरुले भाइरसलाई नियन्त्रणमा ल्याउन घरभित्रै बस्न दिइएको आदेश उपयुक्त रहेको बताएका छन् । मुलुकको अर्थतन्त्रलाई चोट पुगे पनि लकडाउन अनिवार्य रहेको उनीहरुको भनाइ छ । बोल्सोनारोका कतिपय समर्थक पनि यही विश्वासमा छन् । अर्को जनमत सर्वेक्षणमा बोल्सोनारोका दक्षिणपन्थी समर्थक हौं भन्ने ५६ प्रतिशतले राष्ट्रपतिको कदमप्रति समर्थन जनाएका छन् भने ४० प्रतिशतले राष्ट्रपतिको विरोध गरेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका मित्र बोल्सोनारोले पनि अमेरिकी राष्ट्रपतिले झैं कोरोनाभाइरसको उपचारका लागि क्लोरोक्वीनको प्रयोगलाई बढावा दिएका छन् । तर ब्राजिली बैज्ञानिकहरुले उक्त औषधि कोरोना रोकथाम र उपचारमा खासै उपयोगी नरहेको बताएका छन् ।









श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# जिम्मेवारी नर्बिसौं

कोरोना भाइरसले प्रभाव बिस्तार गर्दै जाँदा एकमात्र प्रतिरक्षा लकडाउन खुकुलिँदै गएको छ । बिगत पचास दिनदेखि जारी लकडाउन खुकुलिएको प्रमाण सडकमा गुडेका सवारी साधनले दिएका छन् । एकातिर भाइरस परीक्षण गर्ने गति सुस्त छ भने अर्कातिर बाहिरबाट आउने क्रम रोकिएको छैन । परीक्षण सुस्त गतिमा भइरहेका बेला संक्रमितको संख्या भने ह्वात्तै बढेको छ । यसले हिजोसम्मका अनुमान र अपेक्षा गलत थिएछन् भन्ने पुष्टि भएको छ । अर्थात् कोरोना भाइरसको महामारी भयावह हुनसक्छ यो तथ्यांकले संकेत गरेको छ । अघिल्लो दिन कूल संक्रमित संख्या एक सय ३४ रहेकोमा बीस घण्टामा बढेर एक सय ९१ पुगेको छ ।

त्यसो त महामारीबाट जोगिन दूरी कायम गर्नुपर्छ– यो विज्ञहरूको भनाइ हो । व्यक्तिबाट व्यक्तिमा सर्ने भएकाले यसको पालना अनिवार्य छ । हातमुख जोर्न समस्या हुने वर्ग कतिञ्जेल घरभित्रै खाली पेट बस्न सक्छ ! तर अहिले देखिन थालेको सडक भीडमा त्यस्तो वर्गभन्दा बेग्लै अर्थात् हुने खाने देखिएका छन् । रमिता हेर्न, रमाइलो गर्न र दिन कटाउन साह्रो परेको बताउनेहरूको भीड यो महामारी हुर्काउन र वयस्क बनाउन सहयोगी भयो भने लकडाउनको मापदण्डभित्र बस्नेहरुको लागि समेत दुर्दिन बन्नसक्छ । एक त हामी कहाँ आवश्यक र अपेक्षित परीक्षण भइरहेको छैन, त्यसमाथि अनेक बहाना बनाएर सडकमा बरालिने क्रम बढ्दै गएको छ । खासगरी सीमावर्ती क्षेत्र कोरोना त्रासमा छ ।

सरकार यतिका दिनसम्म पनि परीक्षणको गति तीब्र बनाउन सकिरहेको छैन । भरपर्दो छैन भनिएको त परीक्षणको भरमा जोखिम कम रहेको भन्न सकिने अबस्था छैन । बुधबार मात्रै सन्ताउन्न जनामा कोरोना भाइरसको संक्रमण भेटिएकोले परीक्षण तीव्र गर्नुपर्ने अवस्था देखिएको छ । पर्सा जिल्लामा सर्बाधिक संक्रमित फेला परेपछि र उनीहरूमध्ये धेरै भारतबाट आएका हुनाले सीमावर्ती क्षेत्रमा परीक्षणको गति बढाउनुको बिकल्प छैन । कोरोनाको संक्रमण दुई महिने शिशुदेखि ८१ बर्षीय बुद्धसम्म देखिएकाले यसबाट जोगिन साबधानी अपनाउनुको बिकल्प नै छैन । तर, यो चेत हराउँदै जान थालेको सन्दर्भ भने पीडादायी नहोस् गम्भीर हुनैपर्छ ।

खुल्ला सीमा भएको झापा कोरोनाको उच्च जोखिममा छ । बाह्रदशी र दमकमा भाइरस पोजेटिभ भेटिएपछि 'रेड जोन' मा परेको संक्रमण पहिचान भएको ठाउँमा बल्ल परीक्षण शुरू भएको छ । संक्रमितहरूको समुदायसँगको संसर्गबाट को–कति प्रभावित भए त्यो परीक्षणले देखाउने छ । तर, यो पीसीआर बिधिको परीक्षण झापामा पनि तीब्र पार्न अनिबार्य छ । भारतमा संक्रमित बढ्ने क्रममा रहेकाले र खुल्ला सीमानाका कारण आउजाउ नियन्त्रण नभएको अवस्थाले भाइरसको फैलावट अनुमान गर्न गाह्रो छ । हामी भाग्यमानी छौं शायद त्यसैले होला कसैले ज्यान गुमाउनु परेको छैन । विश्वमा दुई लाख ८६ हजारभन्दा बढीले यसकै कारण जीवन गुमाए । माघ महिनामा पहिलो संक्रमण भेटिएकोमा अहिले ३३ जना त जाती भएर घरै फर्किएका छन् । भारत सरकारले लकडाउनकै बीच रेल सेवा सञ्चालन गरेर हाम्रो जोखिम अरू बढाएको छ । यस्तो बेला हामी आफैं सचेत, सजग र गम्भीर भएनौं भने पछुतो गर्ने मौका पनि नपाइन सक्छ । त्यसैले निर्बिकल्प बिधिको इमान्दार पालना गर्नु हाम्रो दायित्व हो भने सरकारले परीक्षणको गति बढाउँदै जनताको दैनन्दिनी सहज बनाउनु जिम्मेवारी हो ।



डा. भेषराज अधिकारी

# सामाजिक सञ्जाल लत कि सदुपयोग ?

विश्व चर्चित लेखक आल्भिन टफ्लरले सन् १९८० मा प्रकाशित पुस्तक 'द थर्ड वेभ' मा लेख्छन् 'कम्प्युटर र दूरसञ्चारले मानिसको आपसी सम्बन्धलाई सम्मुख वार्तालापबाट बञ्चित गर्छ भन्नु एक अपरिष्कृत र अनुभवहिन सोचाइ हो ।' लेखकले उपकरणमार्फत हुने वार्तालापमा पनि आत्मियता हुन्छ भन्ने मान्यतालाई निकै राम्रोसँग जोड दिए पनि स्वीकार गरिहाल्न भने सकिँदैन ।

उनले विश्लेषण गरेको समयभन्दा सूचना प्रविधिले फड्को मारिसकेको छ र कुराकानीलाई जीवन्त तुल्याउने सामाजिक सञ्जालको विकासले मानवजातिको ठूलो हिस्सालाई जोडिसकेको छ । यदि लेखकले भनेझैँ उपकरणमा हुने कुराकानीले त्यही तहको जीवन्तता दिनसक्थ्यो भने प्रत्यक्ष भेटघाट, निकटता, अन्तरक्रिया, छलफल र वार्तालापको आवश्यकता नै पर्ने थिएन । यद्यपि आपसी विचार आदान प्रदानमा भने आधुनिक सञ्चारमाध्यमको रुपमा 'सामाजिक सञ्जाल'ले ठूलो मद्दत पुऱ्याइरहेकै छ ।

'सामाजिक' शब्दले मानिसद्वारा अरुसँग अन्तरक्रिया गर्ने, आफूलाई लागेको कुरा बाँड्ने र अरुबाट सूचना प्राप्त गर्ने परिवेशलाई जनाउँछ । 'सञ्जाल' शब्दले सूचना आदान प्रदानको साधन भन्ने जनाउँछ । सामाजिक सञ्जालले विद्युतीय तरङ्गमा आधारित सूचनाका साधनहरू जसले मानिसलाई सूचना दिने र लिने गर्दै अन्तरक्रिया गर्न मद्दत पुऱ्याउँछ । फेसबुक, ट्वीटर, इन्ष्टाग्राम, स्नापच्याट, लिन्कडईन, ह्वाट्स्याप, टिकटक, विच्याट, भाइबर आदिजस्ता सामाजिक सञ्जालमार्फत विचार आदानप्रदान गर्न सकिन्छ ।

सन् १९९०को दशकका विद्युतीय तरङ्ग ( वेभसाइट) मा जे छ त्यही नै उपभोक्ताहरूले उपयोग गर्नुपर्ने हुन्थ्यो तर सन् २००० को दशकदेखि भने 'प्रयोगकर्ता उत्पादित सामाग्री' वा 'सामाजिक सञ्जाल' लोकप्रिय भयो र उपभोक्ताहरूले आफैँ विषयवस्तुहरू सिर्जना गर्न सक्ने अवस्था उत्पन्न भयो । परिणामस्वरुप सामाजिक सञ्जालको मुख्य चुनौति के बन्दै गयो भने यसको गुणस्तरमा ठूलो फरकपना, कतिपय बेला दुरुपयोग, व्याकरण र वाक्य निर्माण प्रक्रियामा त्रुटी हुने र जसले गर्दा सम्बन्धित भाषा बिग्रिने अवस्था समेत उत्पन्न हुँदै आएको छ ।

मानिस सामाजिक प्राणी भएकाले शारीरिक एवम् मानसिकरुपले स्वस्थ्य, जागरुक र परिपक्व कुनै पनि व्यक्ति समाजसँग घुलमिल हुन सँधै प्रयास गरिरहेको हुन्छ । मान्छेले व्यक्ति, परिवार, समाजका साथै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्ना भावना, चाहना र दृष्टिकोणहरू बाँड्न प्रयास गर्दछ । अनुशासनमा आबद्ध मानिसहरूले सम्बन्धित सामाजिक मर्यादा अनुकूल हुने गरी नै आफूलाई मनमा लागेका कुराहरू प्रवाह गर्दछन् । समाजमा आफ्नो अस्तित्व र उपस्थिति देखाउने मानिसको विशेषता नै हो । आमरुपमा रहेको मानिसको बहिर्मुखी प्रवृत्तिलाईआत्मसात गरेर नै सामाजिक सञ्जालको विकास भएको हो । आधुनिक सूचना प्रविधिको विकास हुनुभन्दा पहिले व्यक्तिका दृष्टिकोणहरू छोटो समयको अन्तरालमा व्यापकरुपमा प्रवाह गर्न कठिन हुन्थ्यो । तर, आज विभिन्न भाषा तथा प्रविधिको ज्ञान तथा मोबाइल, कम्प्युटरजस्ता विद्युतीय उपकरणमार्फत व्यक्तिले क्षणभरमै अरबौं मानिसका बीचमा आफ्ना मतहरू प्रस्तुत गर्न सक्ने क्षमता राख्दछ । अहिले सामाजिक सञ्जाल कतिलाई लत, कतिलाई फुर्सदको साथी, कतिलाई प्राज्ञिक उन्नयन तथा अनुसन्धानको स्रोत र कतिलाई अप्ठ्यारो परिवेशको भरपर्दो माध्यम बनेको छ ।

गुणस्तरीय जीवनका निम्ति सूचनाको आदान प्रदान अतिआवश्यक हुन्छ । प्रायः सबै मानिसले हर्ष, दुःख, विस्मय, शोखलाई कुनै न कुनै किसिमले व्यक्त गरिरहेको हुन्छ । यसबाट मानिस मानसिक रुपमा आनन्दित हुन्छ र मन हल्का पार्दछ । सूचना साटासाट गर्नाले सम्बन्धलाई सुदृढ तुल्याउन मद्दत पुऱ्याइरहेको हुन्छ । हुन त सामाजिक सम्बन्धहरू वा व्यक्तिबीचका सम्बन्धहरू सूचनाको आदानप्रदानको कारणले परिवर्तन पनि हुने गर्दछन् । सम्बन्ध सधैँ सुस्थिर, मैत्रीपूर्ण र घनिष्ट पनि भइरहेको पाइँदैन । यति हुँदाहुँदै पनि आज व्यक्तिगत, पारिवारिक र सामाजिक सम्बन्धलाई विस्तार एवम् सुदृढ तुल्याउने एउटा महत्वपूर्ण र लोकप्रिय माध्यम सामाजिक सञ्जाल बनिरहेको छ ।

सामाजिक सञ्जालको प्रयोग र विस्तार भएसँगै त्यसले मानिसको आचरण र व्यवहारमा समेत फेरबदल ल्याएको छ । कस्तो सामान किन्ने, के खाने, कसरी स्वस्थ्य रहने, के लाउने, कस्तो शिक्षा लिनेजस्ता विषयमा त्यसले ठूलो प्रभाव पारेको छ । आज सामाजिक सञ्जाल व्यक्ति तथा संस्थाको छाप, इज्जत र प्रतिष्ठा स्थापित गर्ने एउटा महत्वपूर्ण माध्यम पनि बनेको छ । विश्वभर सामाजिक सञ्जालमा लत बसेको ठूलो समूह विकास भएको छ । कतिपयमा सामाजिक सञ्जालको प्रगोगबाट तनाव, चिडचिडाहट, बेचैनि, दुःखजस्ता प्रवृत्तिहरू विकास भई मानसिक एवम् शारीरिक स्वास्थ्यलाई हानी पुऱ्याइरहेको छ । सामाजिक सञ्जालले विश्वको राजनीतिक, आर्थिक, व्यावसायिक, व्यापारिक, सांस्कृतिक, खेलकुद, स्वास्थ्यका क्षेत्रमा महत्वपूर्ण प्रभाव पारिरहेको छ । सामाजिक सञ्जालको उपयोग गरेर कुनै विषय, संस्था र व्यक्तिको पक्ष वा विपक्षमा बेलाबेला अभियान चलिरहेको छ । सामाजिक सञ्जालका त्यस्ता अभियानहरू सफलर विफल जे भए पनि सार्वजनिक क्षेत्रको ध्यान भने प्रशस्तै खिचेको देखिन्छ ।



स्वतःस्फूर्तरुपमै सरकार, राजनीतिक दल, नेता, राजनीतिक घटनाक्रम, प्रतिष्ठित व्यक्तिका पक्ष र विपक्षमा अभियानहरू चल्ने गरेका छन् । त्यसो त कतिपयले भने योजनाबद्ध रुपमा नै कसैको पक्ष र विपक्षमा लागेर अभियान नै चलाएको पाइन्छ । तर ती पक्ष र विपक्षका अभियानहरु सबै प्रभावकारी र सफल भएको देखिँदैन । सामान्यतया कुनै पनि नेता, प्रशासक, व्यवस्थापक, घटना र प्रवृत्तिको पक्षमा भन्दा पनि विपक्षमा सामाजिक सञ्जालमा सूचना प्रवाह बढी भएको हो कि जस्तो देखिन्छ । यसको कारण नकारात्मक कुरा लेख्ने, पढ्ने र सुन्ने मनोविज्ञान विकास भएर हो कि जस्तो पनि लाग्छ । कसैले केहीको वा कसैको नकारात्मकता प्रकट गर्दा सतही वा छिपछिपे सूचना र ज्ञानमै आधारित रहेर गर्दा पनि हुन्छ, विषयवस्तुको गहिराईमा पुग्नु पर्दैन । यथार्थतामा आधारित आलोचनाले व्यक्तिलाई सुधार्छ र सामाजिक विकृति एवम् विसंगतिलाई अन्त्य गर्न मद्दत पुऱ्याउँछ ।

यदि आरोप वा टिप्पणी कपोकल्पित र पूर्वाग्रहयुक्त छ भने आरोपितको उत्साह र सक्रियतामा कमि ल्याउँछ र निराश तुल्याउँछ । मनोगत लाञ्छनाले व्यक्ति, परिवार, समाज र राष्ट्रलाई नै क्षति पुऱ्याइरहेको हुन्छ । जसले त्यसो गर्छ पछि त्यसको असर पनि त्यही रुपमा आफूतिर फर्किने सम्भावना हुन्छ । यदि समाजलाई सकारात्मक दिशामा लैजाने हो भने नकारात्मक टिकाटिप्पणीले मात्र हुँदैन । बरु व्यक्ति वा संस्थाका सकारात्मक र नकारात्मक दुबै पक्षहरू औंल्याउनु पर्दछ ।

राजनीतिक तथा सामाजिक आन्दोलनलाई सशक्त र घनिभूत पार्न बितेका केही वर्षहरूमा सामाजिक सञ्जालको महत्वपूर्ण भूमिका रहँदै आएको छ । यस शृंखलाको उल्लेख्य घटनामा एकदशक अघि मध्यपूर्व र उत्तर अफ्रिकामा भएको राजनीतिक आन्दोलनलाई लिन सकिन्छ । सामाजिक सञ्जालको व्यापक उपयोगबाट सन् २०१० को डिसेम्बरमा उत्तर अफ्रिका र मध्य पूर्वका देशहरूमा शृंखलाबद्धरूपमा सरकार विरोधी आन्दोलनहरू भए जसलाई 'अरब स्प्रिङ' को नामले चिनिन्छ । सरकार विरोधि आन्दोलन उठेका ती देशहरूमा नागरिक प्रतिरक्षाका समान शैलीहरू हड्ताल, प्रदर्शन, जुलुश भएका थिए । आन्दोलनलाई फेसबुक, ट्वीटर, इन्स्टाग्रामले ठूलो उर्जा प्रदान गरेका थिए । सार्वजनिक मतले देखाए अनुसार इजिप्ट र ट्युनिसियाजस्ता देशका दश जना नागरिकमा नौ जनाले फेसबुकको प्रयोग गर्दै विद्रोह र जागरणमा भूमिका खेलेका थिए ।

यसबाट'इलेक्ट्रोनिक डेमोक्रेसी' भन्ने अवधारणा नै विकास भयो । कतिपयले त्यसलाई 'फेसबुक क्रान्ति' र 'ट्वीटर क्रान्ति' पनि भन्ने गरेका छन् । एउटा स्पष्ट हुनुपर्ने विषय के हो भने आन्दोलन, क्रान्ति जनताले गर्ने हो यसलाई सामाजिक सञ्जालले उत्साह प्रदान गर्न भने सक्दछ । लोकतन्त्र स्थापना र सुदृढीकरणको महत्वपूर्ण र निर्णायक माध्यम सम्बन्धित देशका नागरिकको राजनीतिक गतिविधिमा सशरीर उपस्थिति नै हो । सामाजिक सञ्जालको विकासले सामाजिक तथा राजनीतिक चेतना तथा जागरण फैलाइरहेकोमा दुईमत छैन । यसले लोकतन्त्रको सुदृढीकरणमा पनि योगदान गरिरहेको छ । पूर्ण लोकतन्त्रमा सबै सुरक्षित र प्रतिष्ठित हुने अवस्था सिर्जना हुन्छ । आफ्नो परिचयसहित जवाफदेही बनेर सामाजिक सञ्जालमा भावना, टिप्पणी तथा दृष्टिकोणहरू प्रवाह हुनुपर्दछ र यस्तो वातावरण सिर्जना पनि गर्नुपर्दछ ।

प्रविधिको विकास भएसँगै सामाजिक सञ्जालका लागि प्रयोग गर्न सकिने गुणस्तरीय उपकरणहरू उत्पादन भइरहेका छन् । नवप्रवर्तनले सामाजिक सञ्जालको अत्याधिक प्रयोग गर्नेको संख्या पनि बढाइरहेको छ । सामाजिक सञ्जालप्रेमीहरूमा तनाव, विरक्तिपना, हिंसात्मक सोच, द्वन्द्व अनुराग, घृणाजस्ता नकारात्मक प्रवृत्तिहरू पैदा भइरहेका छन् । सामाजिक सञ्जालले एकातिर अपराध अनुसन्धान गर्न र अपराधी पत्ता लगाउन भूमिका खेलिरहेको छ भने सँगसँगैअपराधहरू पनि सिर्जना गरिरहेको छ । विना तथ्य प्रमाण दोषारोपण गर्नाले कुनै व्यक्ति तथा संस्थाले कलंकको जबरजस्त भागीदार बन्नुपर्ने अवस्थासमेत उत्पन्न भएको छ । सामाजिक सञ्जालले सामाजिक विग्रह पनि ल्याइरहेको छ । विश्वको ठूलो जनसंख्यालाई 'फेसबुक डिप्रेसन' ले पिरोलिरहेको छ ।

सामाजिक सञ्जाल आज सामाजिकीकरण प्रक्रियाको एउटा अभिन्न अङ्ग बनिरहेको छ । यसलाई मानव जातिले गौरव गर्नु पर्दछ । सामाजिक सांस्कृतिक जागरणमा परम्परागत सूचना प्रवाहको शैलीलाई प्रतिस्थापित गर्न सामाजिक सञ्जाल अगाडि बढिरहेको छ । सामाजिक सञ्जालका उत्पादकहरूले बालबालिका, नवयुवा र युवा लक्षित मनोरञ्जन, खेलकूद, स्वास्थ्य, ज्ञान विज्ञान सम्बधी अनगिन्ती सामाग्रीहरू पस्किरहेका छन् । यसको सदुपयोग हुननसक्दा कलिला मस्तिष्कमा प्रतिकूल प्रभाव पर्दछ । यतिमात्र होइन कि मानसिक तथा शारीरिक शोषण तथा उत्पीडनको शिकार पनि अबोध बालबालिकाहरु भइरहेका छन् । सामाजिक सञ्जालको भूमिका र महत्व विश्वमा बढ्दै गएकाले गुणस्तरीय सामग्रीको उत्पादनमा जोड दिनुपर्ने भएको छ । प्रत्यक्ष भेट गरेर सूचना आदान प्रदान गर्दा सरुवा रोग फैलने सम्भावना भएको अवस्थामा, प्राकृतिक विपत्ति परेको परिस्थितिमा, राज्यले घरबाहिर निस्कन प्रतिवन्ध लगाएको बेलामा सामाजिक सञ्जालको प्रयोग बरदान सिद्ध हुने निश्चित छ ।

आज सामाजिक सञ्जाल सूचना आदानप्रदानको महत्वपूर्ण विकल्प बन्दै गएको छ । यसलाई 'नागरिक पत्रकारिता'को रुपमा पनि लिन थालिएको छ । सामाजिक सञ्जाललाई पत्रकारिताको कोटीमा पार्न थालिएको छ भने यो माध्यम विषयवस्तु प्रस्तुत गर्दा संवेदनशील र जिम्मेवार बन्नु पर्दछ । कतिपयका लागि सामाजिक सञ्जाल रमाइलो र गाली गर्ने डबलीजस्तो पनि भएको छ । आफूलाई देशको जिम्मेवार नागरिक ठान्ने जो कोहीले पनि सामाजिक सञ्जालमा सूचना आदान प्रदान गर्दा सामाजिक उत्तरदायित्वलाई आत्मसात गर्नै पर्दछ ।

सामाजिक सञ्जालको दुरुपयोगबाट समाजमा विग्रह, असन्तोष र वैमनस्यता उत्पन्न नहोस् भनेर कतिपय मुलुकले सामाजिक सञ्जाल उपर नै प्रतिवन्ध लगाएका दृष्टान्तहरू पनि छन् । कहीँ पनि यो अवस्था उत्पन्न हुनु हुँदैन । आवेगमा कुनै कुरा सामाजिक सञ्जालमा व्यक्त गर्दा त्यसले केही क्षण आनन्द त देला तर आफ्नो आधिकारको प्रयोग गर्दा अरुको अधिकारको हनन् र मानमर्दन भएको रहेछ भने कानूनद्वारा सजायको भागिदार बन्नुपर्ने अवस्था पनि आउन सक्छ । यो विषयलाई सामाजिक सञ्जालका प्रयोगकर्ताले सँधै हेक्का राख्नुपर्ने हुन्छ । यसो गर्न सक्दा नै सूचना प्रविधिको उत्तरदेनको रुपमा विकसित भएको सामाजिक सञ्जालले सम्पूर्ण मानव सभ्यतालाई थप सुसंस्कृत, सुदृढ र सहिष्णु बनाउँदै सामाजिक आर्थिक समृद्धिको यात्रामा अघि बढ्न सहयोग र प्रेरणा प्रदान गरिरहनेछ । चक्रपथ

# भारतमा रेलसेवा सञ्चालन

**भारत, बैशाख ३०।** भारतमा मंगलबारदेखि रेल सेवा पुनः सञ्चालनमा आएको छ । कोभिड-१९ को नियन्त्रण तथा रोकथामका लागि भारत सरकारले बन्द गरेको रेलसेवा झण्डै डेढ महिनापछि सञ्चालनमा आएको हो ।

यसअघि भारतका विभिन्न स्थानमा खाद्यान्न तथा अन्य सामान ढुवानीका लागि रेलसेवा आंशिक रुपमा सञ्चालनमा थियो तर यात्रुबाहक रेल भने पूर्णरुपमा बन्द गराइएको थियो ।

रेल सेवाका लागि सोमबार अपरान्ह ४ बजेदेखि नै अनलाइन बुकिङ खुलेको थियो । तर रेलवे सेवाका काउन्टरहरूबाट भने टिकट किन्न नपाइने व्यवस्था गरिएको छ । काउन्टरमा भीडभाड हुने भएकोले अनलाइनबाटै टिकट किन्न पाइने अधिकारीहरूले जानकारी गराएका छन् ।

रेलका मजदुरहरुले रेल सेवा पुनः सञ्चालनका लागि पहिल्यैदेखि सरकारलाई आग्रह गर्दै आएका थिए । सोही बमोजिम सरकारले मंगलबारदेखि सो सेवाको शुरुवात गरेको बताएको छ ।

भारत सरकारका अनुसार मंगलबार नयाँ दिल्लीबाट १५ वटा रेल देशभरका मुख्य रेलवे स्टेसनका लागि छुट्ने बताइएको छ । नयाँ दिल्लीबाट अगरताला, होरह, पटना, विलासपुर, राँची, भुवनेश्वर, सिकन्दरावाद, बैंगलुरू, चेन्नाइ, थिरूवानानुथपुरम, मदगाउँ, मुम्बई सेन्ट्रल, अहमदावाद र जम्मुतावीका लागि रेलसेवा उपलब्ध हुने छ ।

यी सबै रेलवे स्टेशनमा यात्रुहरूको स्वास्थ्य जाँच गरिने र स्वास्थ्य परीक्षणमा कोभिड १९ को कुनै लक्षण देखिएमा उनीहरूलाई रेलमा प्रवेश गर्न नदिइने तथा सबै यात्रुले अनिवार्य रूपमा मास्कको प्रयोग गर्नुपर्ने बताइएको छ ।

यसरी सञ्चालनमा आएका रेलहरुमध्ये केही दैनिक र अरु केही साप्ताहिक रुपमा सञ्चालनमा आउने व्यवस्था गरिएको छ । यहाँको रेलसेवा मन्त्रालयले कोभिढ १९ का विरामीका लागि यो सेवा बन्देज लगाएको छ । हरेक रेल स्टेसनको बाहिरै स्वास्थ्य जाँचको व्यवस्था मिलाइएको छ भने रेलमा प्रवेश गर्ने सबैले मास्क अनिवार्य रुपमा लगाउनुपर्ने नियम बनाइएको भारतको रेलसेवा मन्त्रालयले जानकारी दिएको छ ।

## ५४ जना पत्रकार संक्रमित

**पाकिस्तान, बैशाख ३०।** पाकिस्तानमा कोरोना भाइरसबाट ५४ जना पत्रकारहरू संक्रमित बनेका छन् । पाकिस्तानको स्वतन्त्र मिडियाले उक्त तथ्याङ्क सार्वजनिक गरेको हो ।

पााकिस्तानमा कोरोना संक्रमित हुनेमध्ये ५० जना पत्रकार र ४ जना मिडियामा कार्यरत कर्मचारी रहेका छन् । जसमध्ये दक्षिण पाकिस्तानमा मात्रै ३० जना पत्रकारहरू कोरोनाबाट संक्रमित बनेका छन् ।

पाकिस्तानमा तीस हजार ९४१ जना कोरोनाबाट संक्रमित बनेका छन् । जोन हप्किन्स विश्वविद्यालयले उल्लेख गरे अनुसार ६६७ जना मृत्यु भइसकेका छन् ।

# २ लाख ८७ हजारको मृत्यु

**जेनेभा, बैशाख ३०।** कोरोनाभाइरसका कारण विश्वभर २ लाख ८७ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ४२ लाख ६९ हजार नाघेको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार मंगलबार मध्यान्हसम्ममा विश्वभर २४ घण्टाको अवधिमा विश्वभर ७४ हजार २२८ जना नयाँ संक्रमित भेटिएका थिए भने तीन हजार ४०३ जनाको ज्यान गएको छ ।

प्राप्त समाचार अनुसार विश्वभर करिब ४७ हजार मानिसको स्वास्थ्य अवस्था कोरोनाभाइरसबाट अत्यन्त जटिल रहेको छ भने २३ लाख ९४ हजार अर्थात् करिव ९८ प्रतिशतको स्वास्थ्य अवस्था सामान्य छ ।

युरोपेली मुलुकहरुमध्ये कोरोनाभाइरसबाट बेलायतमा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । पछिल्लो विवरण अनुसार बेलायतमा ३२ हजारको कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ ।

संयुक्तराज्य अमेरिकामा मृत्युदरमा उतारचढाव यथावत छ । पछिल्लो २४ घण्टामा अमेरिकामा एक हजारको ज्यान गएको छ जबकी अघिल्लो दिन यहाँ ७ सय ५० जनाको मृत्यु भएको थियो । योसहित अमेरिकामा मृत्यु भएका व्यक्तिको कूल संख्या ८१ हजार ७९५ पुगेको छ । कोरोनाभाइरसबाट सर्वाधिक दैनिक मृत्युदर रहेका इटाली, स्पेन र फ्रान्समा २४ घण्टाको अवधिमा अघिल्लो दिनको झैं सामान्य रहेको छ । विगत २४ घण्टामा इटालीमा १७९, स्पेनमा १२३ र फ्रान्समा २६३ जनाको ज्यान गएको छ ।

दक्षिण अमेरिकी देशहरुमध्ये कोरोनाभाइरसको इपिसेन्टरका रुपमा देखिएको ब्राजिलमा ११ हजार ६५३ जनाको मृत्यु भइसकेको छ ।

# समाजसेवी गणेशबहादुरको निधन



**गौरादह, बैशाख ३०।** झापाको गौरादह नगरपालिका-१ का सामाजिक व्यक्तित्व गणेशबहादुर गिरीको निधन भएको छ। लामो समयदेखि फोक्सोको क्यान्सरबाट पीडित गिरीको ८४ वर्षको उमेरमा सोमबार बिहान निधन भएको हो।

विगत २ वर्षदेखि क्यान्सर रोगबाट पीडित गिरीको उपचार अमेरिकाको ओमाहामा उपचार गरिएको थियो। थप उपचार भारतको मेदान्त अस्पतालमा तथा काठमाडौंको मेडिसिटीमा गरिँदै आएको पारिवारिक स्रोतले जनाएको छ। स्व गिरीले सन्यास आश्रम धारण गरेको जनाइएको छ।

पञ्चायती व्यस्था शुरु भए लगत्तै गौरादहमा स्थायी बसोबास गर्न आएका गिरीलाई तत्कालीन गौरादह गाउँ पञ्चायतको संस्थापक कै रूपमा लिने गरिन्छ। तत्कालीन समयमा गौरादह क्षेत्रमा रहेका कृयाशिल व्यक्तिहरुमध्ये गिरी पनि एक हुन्। तत्कालीन सबै सहयात्रीले बिदा लिएर गएता पनि गणेशबहादुर गिरी एक मात्र ज्यूँदो इतिहासका रुपमा रहेका थिए।

गिरीको निधनले गौरादहको इतिहासमा एउटा अध्याय नै समाप्त भएको र उनको निधनले एक युग पुरुषको अन्त्य भएको स्थानीयवासी बताउँछन्। आफ्नो जीवनकाल भरी सामाजिक क्षेत्रमा सदैव कृयाशिल हुँदै आएका स्व. गिरीले गौरादह बहुमुखी क्याम्पस स्थापनाको लागि एक बिगाह जमिन दिएका थिए।

उनले गौरादह क्षेत्रमा रहेका दर्जनौं मठ मन्दिरमा आर्थिक तथा भौतिक सहयोग गरेको पाइन्छ।

सामाजिक क्षेत्रमा क्रियाशील साथै एक अब्बल कृषक समेत रहेका थिए। उनले गृह परिसरमा करिब १० कट्ठा क्षेत्रफलमा पोखरी खनेर माछापालन गरेका स्व. गिरीको पशुपालन व्यवसायमा समेत रुची थियो।

स्व. गिरीका दुई श्रीमतीसहित ११ छोराछोरी रहेका छन्। स्व. गिरी नेपाल दशनामी समाज झापा महिला समिति अध्यक्ष तथा बिर्तामोड नगर समिति सल्लाहकार पार्वता गिरीका पिता तथा नेपाल दशनामी समाज प्रदेश नं. १ अध्यक्ष चन्द्रप्रसाद गिरीका काका ससुरा हुन्।

# बैंकको ब्याज मिनाह गर्न होटल व्यवसायीको माग

**लक्ष्मी उप्रेती**

**काँकरभिट्टा, बैशाख ३०।** होटल व्यवसायी संघ मेचीनगरले लकडाउन अवधिभर व्यवसाय सञ्चालनका लागि बैंकबाट लिएको ऋणको व्याज मिनाहलगायतका ४ सूत्रीय माग सरकारसँग राखेको छ।

मेचीनगरमा ठूला १०, मझौला ८५, साना १ सय ५० र सामान्य ८६ वटा गरी कूल ३ सय ३१ वटा होटल सञ्चालनमा रहेका छन् भने २ सय ९७ वटा बैंकबाट ऋण लिएर सञ्चालनमा रहेको संघले जनाएको छ। संघका अनुसार २ सय २६ होटल वहालमा तथा १ सय ५ वटा आफ्नै घरमा सञ्चालनमा छन्।

सोमबार झापाको मेचीनगरमा १ नम्बर प्रदेशसभा सदस्यद्वय गोपालचन्द्र बुढाथोकी र श्रीप्रसाद मैनालीको उपस्थितिमा भएको छलफलमा संघले तीनै तहका सरकारको ध्यानाकर्षणका लागि चार सूत्रीय मागसहितको ज्ञापन पत्र समेत बुझाएको छ।

संघका अध्यक्ष सुरेशकुमार श्रेष्ठ र सचिव हस्तकुमार तामाङको हस्ताक्षर रहेको ज्ञापन पत्रमा बैंकको व्याज मिनाहसहित लकडाउन अवधिभरको घरवहाल मिनाह गर्नुपर्ने, होटल व्यवसायमा कार्यरत मजदुरहरुलाई लकडाउन अवधिको न्यूनतम् पारिश्रमिक राहत स्वरुप सरकारले उपलब्ध गराउनुपर्ने, कोरोना प्रकोपका कारण व्यवसाय तहस-नहस भएका कारण विद्युत्, खानेपानी तथा व्यवसाय कर महशुलहरुमा छुटको व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ। अघिल्लो वर्षको चैत्र ११ गतेदेखि शुरु लकडाउनका कारण अहिले आवतजावत ठप्प हुँदा व्यापार-व्यवसाय गरी खाने वर्ग प्रत्यक्ष प्रभावित भएको ज्ञापन पत्रमा उल्लेख छ।



खास गरी पर्यटन व्यवसाय नराम्ररी प्रभावित भएको र आर्थिक गतिविधि शून्य रहँदा समग्र अर्थतन्त्रलाई नकरात्मक प्रभाव परेको, त्यसमध्ये पनि होटल व्यवसाय सञ्चालन गर्ने व्यवसायी अत्यन्त मारमा परेको, लकडाउनको अवस्थामा पूर्णरुपमा बन्द भएका होटल व्यवसाय लकडाउन खुले पश्चात पनि अनिश्चत काल सम्म प्रभावित हुने सम्भावना रहेको ज्ञापन पत्रमा भनिएको छ- यो महासंकटमा सरकारको तर्फबाट आवश्यक सहयोग र राहतका लागि पहल गरिदिन समेत संघले ज्ञापन पत्रमा माग गरेको छ।

प्रदेश र संघीय सरकारको ध्यानाकर्षण हुने गरी संघकातर्फबाट अध्यक्ष श्रेष्ठसहितका पदाधिकारीहरुले १ नम्बर प्रदेशसभा सदस्यद्वय गोपालचन्द्र बुढाथोकी र श्रीप्रसाद मैनाली र स्थानीय सरकार मेचीनगर नगरपालिकाको ध्यानाकर्षणका लागि ६ नम्बर वडा सरकार प्रमुख ललितबहादुर तामाङलाई ज्ञापन पत्र बुझाएको अध्यक्ष श्रेष्ठले जानकारी दिए। ज्ञापन पत्र बुझ्दै प्रदेशसभा सदस्यद्वय बुढाथोकी र मैनालीले प्रतिनिधिसभा सदस्य सुरेन्द्रकमुार कार्कीमार्फत संघीय सरकार समक्ष ज्ञापन पत्रका बारेमा जानकारी गराउने र यस विषयमा प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै समस्या समाधानका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गरे। प्रदेशसभा सदस्यद्वयले नोवल कोरोना भाइरस कोभिड १९को संक्रमणका कारण विश्वमा लाखौं मानिसको ज्यान गइरहेका बखत सवैभन्दा पहिला यसबाट हरेक समुदाय बच्नुपर्ने सुझाव दिएका थिए।

नोवल कोरोना भाइरस कोभिड-१९को संक्रमण रोकथाम र नियन्त्रणका लागि अहिले विश्व लकडाउनको अवस्थामा रहेको चर्चा गर्दै उनीहरुले लकडाउनका कारण अहिले विश्वकै अर्थतन्त्र डामाडोल रहेका बखत विश्व सामान्य स्थितमा फर्केपछि के गर्ने ? तथा अहिलेको विग्रिएको अर्थतन्त्रलाई कसरी पुरानै अवस्थामा फर्काउने लगायतका विषयमा अहिले सरकार गम्भीर बन्नुपर्नेमा जोड दिए। लकडाउनका कारण हरेक नागरिकले भोग्नु परेको पीडाका बारेमा आफूहरु जानकार रहेको भन्दै दुवै प्रदेशसभा सदस्यले यसको रोकथाम र स्थानीयको जनजीवन सहज बनाउने कुरामा आफूहरु लाग्ने बताए।

कार्यक्रममा ट्राभल संघ झापाका अध्यक्ष निरबहादुर कार्की नेत्र, मेची बस व्यवसायी प्रालिका अध्यक्ष विष्णुकुमार श्रेष्ठलगायतले लकडाउनका बखत व्यवसायीहरुको भोग्नुपरेको पीडाका बारेमा जानकारी गराउँदै समाधानका लागि स्थानीय, प्रदेश तथा संघीय सरकार गम्भीर भएर लाग्नुपर्नेमा जोड दिए। कार्यक्रममा विभिन्न संघसंस्था, राजनीतिक दलका प्रमुख प्रतिनिधि, सञ्चारकर्मीलगायतको सहभागिता रहेको थियो।

# आइसोलेशन सेन्टर ढाँचा निर्देशिका तयार

**काठमाडौं, बैशाख ३०।** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) र अन्य देशले गरेका प्रयत्नको अध्ययन गरेर नेपाली ढाँचाको 'कोभिड आइसोलेशन सेन्टर' निर्माण निर्देशिका तयार पारिएको छ।

विभिन्न क्षेत्रका विज्ञको सहभागिता र अन्तरर्राष्ट्रिय अनुभवको अध्ययन गरेर आर्किटेक्टहरुको संस्था सोसाइटी अफ नेप्लिज आर्किटेक्टस (सोना) ले उक्त निर्देशिका तयार गरेको हो।

सोनाले आफूले तयार पारेको कोभिड-१९ संक्रमितको उपचारका लागि छुट्टै उपचार केन्द्र अर्थात् कोभिड आइसोलेशन सेन्टर निर्माण निर्देशिका आइतबार मन्त्रालयका विज्ञ सल्लाहकार डा. खेम कार्कीलाई हस्तान्तरण गरिएको जनाएको छ।

समूहगत रुपमा छलफल गर्दा सरकारलाई सहयोग गर्ने उद्देश्यले नेपाल एकेडेमी अफ साइन्स एण्ड टेक्नोलोजी (नाष्ट) सँगको सहकार्यमा निर्देशिका तयार पारिएको सोनाका महासचिव सुरज खनालले जानकारी दिए।

उनका अनुसार निर्देशिका तयार पार्नुअघि विज्ञ टोलीले डब्लुएचओ, रोग नियन्त्रण तथा रोकथाम केन्द्र, राष्ट्रिय स्वास्थ्य सेवासहितका संस्थाका मापदण्ड र बंगलादेश, हङकङका साथै आर्किटेक्टहरुको एशियास्तरीय परिषद्लगायतले जारी गरेका निर्देशिकाको समेत अध्ययन गरिएको थियो।

उक्त निर्देशिकामा ५० शय्याको आइसोलेशन सेन्टर सरल तथा सहज निर्माणका लागि आवश्यक जनशक्तिलगायत विषयलाई समावेश गरिएको सोनाले जनाएको छ। महासचिव खनालका अनुसार उक्त निर्देशिका बमोजिम नेपालले पनि अन्य देशसरह अधिक जनशक्ति प्रयोग गरेर छोटो समयमा नै आइसोलेशन सेन्टर निर्माण गर्न सक्नेछ।

# आमा पोइल गइन्, बुबाले मरणासन्न बनाए

**खोटाङ, बैशाख ३०।** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-६ नेर्पाका नौ वर्षीय बालक पवन तामाङलाई आफ्नै बुबाले निर्घात कुटपिट गरेका छन्। आफ्ना ३५ वर्षीय बुबा शङ्कर तामाङको कुटाइबाट रगताम्मे भएका पवनको टाउको, पिठ्यूँ, ढाड तथा शरीरका विभिन्न अङ्गमा लौरोको नीलडाम बसेको छ।

बुबाको कुटाइबाट घाइते बनेका बालकलाई टाउको फुटेर रक्ताम्मे भएपछि रोइरहेको अवस्थामा सोमबार फेला पारेर उद्धार गरिएको वडाध्यक्ष माधव राईले बताए।

बुबाबाट कुटिइने पवन शङ्करका साइँला छोरा हुन्- उनले भने- निर्घात कुटाइ खाएका पवनलाई नेर्पास्थित स्थानीय स्वास्थ्य संस्थामा उपचार नभएपछि जिल्ला अस्पताल दिक्तेल ल्याएर थप उपचार गरिएको छ।

गरीब परिवारमा जन्मिएका पवनकी आमा ३५ वर्षीया मेनुका तामाङले दुई वर्षअघि अर्कैसँग दोस्रो विवाह गरेर गएपछि उनी बुबाको हेरचाहमा बसिरहेका थिए। पवनसँगै उनका जेठा दाजु १४ वर्षीय सविन, ११ वर्षीय माइला सङ्गम र छ वर्षीय कान्छा करण पनि बुबा शङ्करकै साथमा बस्दै आएका छिमेकीले बताएका छन्।

नाबालक छोरालाई निर्घात कुटपिट गर्ने बुबालाई कानूनी कारवाही गर्न सोमबार नै पक्राउ गरेर हिरासतमा राखिएको प्रहरीले जनाएको छ। घरैबाट पक्राउ परेका शङ्करलाई अभद्र व्यवहार गरेको आरोपमा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरिएलगत्तै सात दिनका लागि हिरासतमा राखेर कारवाही थालिएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रवक्ता प्रहरी निरीक्षक आमोदकुमार खेरवारले जानकारी दिए।

पवनलाई निर्घात कुटपिट गर्ने निर्दयी बुबा शङ्करलाई प्रहरीले पक्राउ गरेपछि चार बालकलाई केही समयका लागि वडा कार्यालयले खाने र बस्ने व्यवस्था मिलाएको वडाध्यक्ष राईले बताए। बुबा घर नआएसम्म चार दाजुभाइलाई वडा कार्यालयको संरक्षणमा राखिनेछ- उनले भने- पकाएर खानसमेत नसक्ने उनीहरुलाई फुपूले पकाएर दिनेगरी चामल, दाल, सागसब्जीलगायत सम्पूर्ण व्यवस्था गरिएको छ।

क्वारेन्टाइन निरीक्षण गर्न सोमबार नेर्पा पुगेका जिल्ला समन्वय समितिका प्रमुख बबि चाम्लिङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख दीपनारायण रिजाल, उपप्रमुख विणादेवी राई, प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेल, प्रहरी नायब उपरीक्षक नारायण चिमोरियालगायतको टोलीले कुटिएका बालकको अवस्थाका विषयमा जानकारी लिएका थिए।

आर्थिकरूपमा विपन्न बालकलाई जिल्ला अस्पतालमा उपचार गर्दा लाग्ने सम्पूर्ण उपचार खर्च छुट गरिएको अस्पताल विकास समितिका अध्यक्षसमेत रहेका समन्वय समितिका प्रमुख चाम्लिङले बताए।

ज्यालादारीको काम गरेर परिवार धान्दै आएका शङ्करले दैनिक मादक पदार्थ सेवन गरेर छोराहरुलाई कुटपिट गर्ने गरेको छिमेकीले बताएका छन्। गरिबीका कारण तामाङ परिवारमा दैनिकजसो झगडा हुने गरेको स्थानीय बासिन्दाको भनाइ छ। आमाले छाडेर अर्कै व्यक्तिसँग विवाह गरेर जानुअघिसम्म विद्यालय जाँदै गरेका ती चार बालक अहिले अरुको घरमा काम सघाएर तथा खेलेर दिन बिताउने गरेका छिमेकीले बताएका छन्। पढ्ने उमेरका ती चार बालकलाई बुबाआमा दुवैले बेवास्ता गरेपछि उनीहरुको भविष्य अन्योलमा परेको वडाध्यक्ष राईले बताए।

# शुक्रबारे बजारमा आगलागी हुँदा ७० लाख क्षति

**इलाम, बैशाख ३०।** इलामको माईजोगमाई गाउँपालिका-३ शुक्रबारे बजारमा सोमबारसाँझ भएको आगलागीबाट करिब ७० लाख बराबरको क्षति भएको छ। बेद कैयाको घरबाट शुरु भएको आगलागीबाट तीन घर पूर्णरूपमा क्षति पुगेको हो।

नामसालिङ प्रहरी चौकी इञ्चार्ज टेकराज गिरीका अनुसार कैयाको घरमा कोही पनि नभएको अवस्थामा आगलागी भएको थियो। घरमा रहेको दुईमध्ये एउटा ग्यासको सिलिन्डर विष्फोट भएको थियो। आगलागीबाट रुकमेणा प्रधानको घर र किराना पसल, छत्रकुमारी लावरको घर तथा कैयाको जुत्ता र कपडा पसलमा क्षति पुगेको छ। नामसालिङ प्रहरी चौकी, इलाका प्रहरी कार्यालय नयाँबजार र स्थानीयको सहयोगमा आगो पूर्णरूपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ। दमकल नहुँदा पानी ओसारेर आगो नियन्त्रणमा लिनुपर्ने भएकाले समय लागेको इञ्चार्ज टेकराज गिरीले जानकारी दिए।

आगलागीबाट घर पूर्णरूपमा क्षति भएका पीडित परिवारलाई रु. ५० हजार र लत्ताकपडा राहतस्वरुप प्रदान गरिएको माईजोगमाई गाउँपालिकाका अध्यक्ष जीतबहादुर राईले जानकारी दिए।

# कैंची प्रहार गर्ने पक्राउ

**ललितपुर, बैशाख ३०।** आफ्नै छिमेकीलाई कैंची प्रहार गरी घाइते बनाएको अभियोगमा ललितपुर महानगरपालिका-९ बालकुमारि बस्ने धादिङ घर भएका ३० वर्षीय बसन्त दर्लामी मगरलाई प्रहरीले पक्राउ गरेको छ।

सोही ठाउँस्थित झोलुंगेपुल नजिक मगरले मादक पदार्थ सेवन गरी सोही ठाउँ बस्ने बर्दिया ठाकुर नगरपालिका-२ घर भएका २० वर्षीय पुरुषलाई घाइते बनाएको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी प्रभाग बालकुमारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। घाइतेलाई उपचारका लागि पाटन अस्पताल पठाइएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।


## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।

**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८



## पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२

पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## वर्गीकृत विज्ञापन

### सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**

बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

### हिजोको सूनचाँदीको भाउ

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |

### आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)

यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।

**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

## कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला।

**Divine Int'l Acadamy (Dia)**

Birtamode 023-543821, 9823714550

अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## डाक्टर आउने बारेको सूचना

**डा. पवन पराजुली** NMC No. 7465

MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**

बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।

दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः

बिहान : ७:३०, ८ :३०, ९ :१५, १० :१५, ११ :१५, १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :

मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७

काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :

बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ। समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। नोकरी तथा व्यवसायमा विशेष फाइदा होला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अवसर आए पनि नयाँ काम थाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला। श्रम परे पनि उचित मूल्य प्राप्त नहुन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** काम देखाएर केही फाइदा उठाउन सकिनेछ। शुभचिन्तकहरू जुट्नाले पहिलेको चुनौति समाप्त होला। दाम र प्रतिष्ठा कमाउने बेला छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** प्रयत्न गर्दा पदीय जिम्मेवारी पाइनेछ। गरी आएको कामलाई पनि निरन्तरता दिन सकिनेछ। अचानक लाभ होला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारमा ध्यान पुऱ्याउनुहोला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समस्या दर्साउँदा सहयोगी फेला पर्नेछन्। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धिले लक्ष्य पहिल्याउन सकिनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** नसोचेको अवसरले जिम्मेवारी दिलाउन सक्छ। टाढिएका साथीभाइ नजिकिनेछन् भने मित्रता नै फाइदाको संवाहक बन्न सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो बनाउनेछ। यात्राका बीच अतिथिका रूपमा सत्कार पाइनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। काममा साथीभाइबाट सहयोग मिल्नेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ। लोकप्रिय कामले समाजमा स्थापित बनाउन सक्छ।